मधेश प्रदेश सरकार
# शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम,धनुषा,नेपाल

E-mail: info.moec@madhesh.gov.np
Website: www.mowcys.madhesh.gov.np

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

**पत्र संख्या :२०८२/०८३**
**चलानी नं:**

---

## स्नातक तहमा अध्ययनको लागि छात्रवृत्ति( शिक्षण शुल्क मात्र )को लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति :२०८३/०३/१८

काठमाडौं विश्वविद्यालय केन्द्रीय कार्यालय धुलिखेल काभ्रेपलान्चोकको **स्नातक तहमा छात्रवृत्तिका लागि विद्यार्थी सिफारिस गरिदिने विषयक पत्र** को आधारमा **मधेश प्रदेश स्थायी वतन भई** काठमाडौं विश्वविद्यालय, धुलिखेल अन्तर्गत तोकिएको विषयहरूमा शिक्षण शुल्क छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र ( २०८३/०४/०६ कार्यालय समय ) तोकिएको ढाँचामा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

**छात्रवृत्ति प्रदान गरिने विषयहरू :**

१. **B. Sc in Environmental Science -१ जना**
२. **B. Sc in Agriculture -१ जना**
३. **Bachelor's in health informatics -१ जना**
४. **B.E. in Mining Engineering -१ जना**
५. **B.E. in Chemical Engineering -१ जना**
६. **B.E. in Environmental Engineering -१ जना**

### शर्तहरू

**क.** सम्बन्धित छात्रवृत्तिमा निवेदन पेश गर्ने विद्यार्थीको स्थायी वतन मधेश प्रदेश अन्तर्गतको जिल्ला हुनुपर्नेछ ।
**ख.** छनौट भएमा विध्यार्थीहरूको छात्रवृत्ति रकम अन्तर्गत शिक्षण शुल्क ( Tuition fee) मात्र पूर्ण रूपमा निशुल्क हुनेछ , अन्य शुल्क विद्यार्थीले विश्वविद्यालयलाई नियमानुसार बुझाउनुपर्नेछ ।
**ग.** छात्रवृत्तिमा निवेदन पेश गर्दा सम्बन्धित निवेदकले पेश गरेको सम्पूर्ण कागजातको प्रतिलिपी आफैले प्रमाणित गर्नुपर्नेछ ।
घ. यो छात्रवृत्ति कार्यक्रममा विज्ञान संकायमा कक्षा -१२ उत्तीर्ण भएका विद्यार्थीहरू मात्र समाबेश हुन पाउनेछन ।

**विद्यार्थीले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी / नागरिकता नबनेको भए जन्मदर्ताको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाणपत्रहरू
३. विपन्न विद्यार्थीको हकमा स्थानीय तहको सिफारिस
४. छात्रवृत्ति प्राप्त गर्ने विषयगत प्रथामिकता क्रम
५. आफूले अध्ययन गरेको विद्यालय सरकारी वा निजी खुल्ने कागज वा विद्यार्थीले गरेको स्वघोषणा

यस सम्बन्धी थप जानकारीको लागि : ९८४१९३२०२४ मा सम्पर्क गर्न सकिनेछ ।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, नेपाल

## छात्रवृत्ति छनौटको आधारहरू:

### क. शैक्षिक योग्यताको प्राप्तांक बापत अधिकतम ६० अंक

| GPA | 3.6-4.0 | 3.2-3.6 | 2.8-3.2 | 2.4-2.8 |
|---|---|---|---|---|
| प्राप्तांक | 60 | 56 | 52 | 50 |

### ख. स्थानीय तहले आर्थिक रूपमा विपन्न भनी सिफारिस गरेको आधारमा अधिकतम १० अंक

१. स्थानीय तहले आर्थिक रूपमा विपन्न भनि सिफारिस गरेको सिफारिस भएमा -१० अंक

२. आर्थिक रूपमा विपन्न भन्ने सिफारिस नभएमा - ० अंक

### ग. सामुदायिक सरकारी र संस्थागत विद्यालयमा अध्ययन गरेको भएमा अधिकतम १० अंक

१ सामुदायिक सरकारी विद्यालयबाट SEE उत्तीर्ण भएको अवस्थामा - ३ अंक

२ संस्थागत विद्यालयबाट SEE उत्तीर्ण भएको अवस्थामा - २ अंक

३ सामुदायिक सरकारी विद्यालयबाट कक्षा १२ उत्तीर्ण भएको अवस्थामा - ३ अंक

४ संस्थागत विद्यालयबाट कक्षा -१२ उत्तीर्ण भएको अवस्थामा - २ अंक

### घ . शिक्षा तथा संस्कृति मन्त्रालयले सम्बन्धित विद्यार्थीसंग लिने अन्तरवार्ता बापत -२० अंक

१. सम्बन्धित विद्यार्थीलाई मन्त्रालयले तोकिएको दिनमा मन्त्रालयको तीन सदस्यीय समितिले अन्तर्वार्ता लिनेछ। तोकिएको दिनमा अन्तर्वार्तामा सम्बन्धित विद्यार्थी सहभागी नभएमा अन्य प्राप्तांकको आधारमा विद्यार्थीलाई छात्रवृत्तिमा छनौट गरिने छैन।

२. अन्तर्वार्ताको न्यूनतम अंक ४०% भन्दा कम र अधिकतम अंक ७० % भन्दा बढी हुने छैन।

३. तीन सदस्यीय अन्तर्वार्ता समितिले छुट्टाछुट्टै दिएको औषत अंकलाई अन्तर्वार्ताको अंक मानिने छ।

# नमूना निवेदन

मिति : २०८३ /  /

श्री  शिक्षा तथा संस्कृति मन्त्रालय,मधेश प्रदेश, जनकपुरधाम ।

विषय : छात्रवृत्ति ( शिक्षण शुल्क ) को लागि निवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेशको मिति २०८३/०३/१८ गतेको सूचना बमोजिम म ............................................ मधेश प्रदेश ............. जिल्ला ............. महानगर/नगर/ गाउँपालिका स्थायी वसोवास भएको नागरिक हुँ । मैले .............सालमा विज्ञान विषयमा कक्षा १२ अध्ययन ................ GPA ल्याई वि.सं .............मा पुरा गरेको छु तँहा मन्त्रालयबाट प्रकाशित सूचना र उक्त सूचनाका शर्तहरूको पूर्ण पालना गरी काठमाडौं विश्वविद्यालयबाट प्रदान गर्ने शिक्षण शुल्क छात्रवृत्तिमा म[redacted] छनौट भई अध्ययन गर्न इच्छुक भएकोले प्रकाशित सूचना बमोजिम अध्ययन गर्न चाहने विषयको  प्रथामिकताक्रम  निर्धारण गरी यो निवेदन पेश गर्दछु ।

अध्ययन गर्न चाहेको विषय र  प्रथामिकताक्रम

| विषय | प्रथामिकताक्रम |
|---|---|
| B. Sc in Environmental Science | |
| B. Sc in Agriculture | |
| Bachelor's in health informatics | |
| B.E. in Mining Engineering | |
| B.E. in Chemical Engineering | |
| B.E. in Environmental Engineering | |

निवेदक

नाम :

सम्पर्क नं

इमेल :

हस्ताक्षर

संलग्न कागजात

१. नेपाली नागरिकताको प्रमाणपत्र / जन्मदर्ताको फोटोकपी
२. स्थानीय तहले प्रदान गरेको आर्थिक रूपले विपन्न सिफारिस पत्र
३. कक्षा -१२ उत्तीर्ण गरेको मार्कसिट , चारित्रिक प्रमाण पत्र सहितका आवश्यक अन्य कागजात